# फिदिम नगरपालिका

## स्थानीय राजपत्र

(फेदेन पत्र)

खण्ड : ३ संख्या: १५ मिति:२०७६।०९।२०

### भाग-२

### फिदिम नगरपालिका

# फिदिम नगरपालिकामा कृत्रिम गर्भाधान सेवा संचालन कार्यविधि, २०७६

आज्ञाले,

विनोद कुमार दाहाल

प्रमुख प्रशासकीय अधिकृत

# फिदिम नगरपालिकामा कृत्रिम गर्भाधान सेवा संचालन कार्यविधि, २०७६

| | |
|---|---|
| कार्यपालिका बैठक बाट स्वीकृत मिति | २०७६।०९।२० |
| प्रमाणिकरण भएको मिति | २०७६।०९।२१ |

## फिदिम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर

१ नं. प्रदेश,नेपाल

# कृतिम गर्भाधान सेवा संचालन कार्यविधि २०७६

## स्थानिय सरकार फिदिम नगरपालिका नगर कार्यपालिकाबाट मिति २०७६/०९/२२ को निर्णयबाट स्वीकृत

प्रस्तवानाः

स्थानिय सरकार संचालन ऐन २०७४को दफा ११को उपदफा२ (ण)अनुसार स्थानिय सरकार फिदिम नगरपालिका नगरकार्यपालिकाले प्राप्त अधिकार क्षेत्र भित्ररहेर यस पालिकाको पशुपंक्षी विकास शाखाको समन्वयम तथा कार्यसम्पादनबाट सशर्त अनुदान र नगरसभाबाट कृतिम गर्भाधान तथा नश्ल सुधार शिर्षकमा विनियोजित रकम परिचालन गरी नगरपालिमा पशुपंक्षी शाखाका प्राविधिक तथा निजि पाराभेटर इन्सिमिनेटरहरुबाट गाई, भैंसी, बाखा, वंगुर आदी जनावरमा कृतिम गर्भाधान सेवा संचालन गरी उन्नत पशुपंक्षीको विकास गराई दुध तथा मासुको उत्पादन लागत न्युनिकरण र उत्पादकत्वमा बृद्दि गर्न नगरपालिकाका वस्तीहरुमा विध्यमान रहेको अनुत्पादक र निर्वाहमुखि पशुपालनलाई वैज्ञानिक प्रविधिको प्रचार प्रशार तथा हस्तान्तरण गेरर कृपकलाई निर्वाहमुखिबाट व्यवसायीकरण तर्फ उन्मुख गराउने रदुध तथा मासुको उत्पादन वृद्दि गरी आर्थीक उन्नति र रोजगार श्रृजना गराउने पशु विकास कार्यक्रमको रुपमा यस कार्यक्रमलाई संचाल गर्नु अपरिहार्य रहेको छ ।उक्त कृ ग सेवा कार्यक्रम संचालन गर्दा आर्थिक मितव्यहिता, पारदर्शिताका साथै संथागतरुपमा वैज्ञानिक र उत्पादन

मुखि वनाउदै कृषि तथा पशु जन्य उत्पादन प्रवर्धन कार्यका लागि **कृतिम गर्भाधान सेवा संचालन कार्यविधि २०७६**स्थानिय सरकारले लागु गर्नु वान्छनिय छ ।

**१, संम्क्षिप्त नाम र प्रारम्भः**

यस कार्यर्विधिको नाम **कृतिम गर्भाधान सेवा संचालन कार्यविधि** २०७६रहको छ । यो कार्यविधि फिदिम नगर कार्यपालिकाले स्विकृत गरेको मितिवाट लागु हुने छ ।

**२, परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

यस कार्यविधि कार्यान्वयनका लागि प्रयोग भएका शव्द या वाक्याम्सहरु मध्ये **स्थानिय सरकार** भन्नाले फिदिम नगरपालिका नगरकार्यपालिकालाई सम्झनु पर्छ ।भन्नाले फिदिम नगरपालिकाका १४ वटै वडा भित्र व्यवसायीक रुपमा संचालन हुने सम्वन्धित आधिकारीक कार्यालयहरुमा दर्ता नविकरण भएका तपशिलमा उल्लेख भए वंम्वोजिमका कारोवारलाई सम्झनु पर्छ । **कृषक** भन्नाले ग्रामिण वस्तिमा पशुपालन व्यवसाय गरि वसोवास गर्ने मानिस सम्झनु पर्छ ।**प्राविधिक** भन्नाले पशु सेवा तथा पशु स्वास्य क्षेत्रमा काम गर्ने भेटेरिनरी प्राविधिक जेटी जेटीए तथा पशु विकस अधिकृत तथा पशु चिकित्सकलाई सम्झनु पर्छ ।

## ३, उद्देश्यः

स्थानिय सरकार संचालन ऐन र कार्यविधिबाट प्राप्त अधिकारको अधिक्तम प्रयोग गरी यस नगरपालिकामा वसोवास गरि पशुपालन व्यवसायमा संलग्न कृषकहरुका पशुहरुमा नश्ल सुधार गरी दुध तथा मासुको उत्पादन क्रमश वृद्दि गर्दै लैजाने र यस नगरपालिकाका ग्रामिण वस्तिहरुलाई उन्नत पशुहरुको पकेट क्षेत्रको रुपमा स्थापना गरी व्यवसायीक पशुपालनको माध्यमबाट रोजगारको श्रृजना गरी उद्यमशिलताको विकास गराउनु हो ।

## ४, कृतिम गर्भाधान सेवा संन्चाल प्रकृया व्यवस्थाः

### क, कार्याक्रम संचालनका लागि आर्थीक तथा आवश्य सामाग्रीहरुको व्यवस्थाः

नगरपालिकाबाट संचालन गरिने कृ ग सेवा संचालनमा आवश्यक पर्ने तरल नाइट्रोजन खरिद तथा ढुवानी, सिथ, ग्लोभ जस्ता दैनिम खर्च भएर जाने सामाग्री र खर्च भएर नजाने कन्टेनर, रेफ्री, एआइ गन जस्ता उपकरणहरु खरिद गर्न आवश्यक वजेटको व्यवस्था सशर्त अनुदान लगायत संध संस्थाबाट प्राप्त वजेट र नपुग रकमका लागि नगरपालिकाले व्यवस्था गर्नु पर्नेछ ।

**ख, आवश्य सामाग्रीहरुको व्यवस्थाः**

कृ ग सेवा संचालनका लागि पालिकाको पशुपंक्षिविकास शाखाको प्राविधिक मुल्याङ्कन तथा आवश्यकताका साथै सेवा विश्तार र प्राविधिक जनशक्तिको आधारमा, पालिकाको आर्थीक विकास समितिसंग छलफल गरि कार्ययोजना अनुसार खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सामाग्री खरिद गर्दा नेपाल सरकारको आर्थिक ऐन वंमोजीम खरिद व्यवस्था गर्नुपर्नेछ । तर तरल नाइट्रोजनको हकमा भने पशु पजनन् केन्द्र लाहान लगायतक सरकारी निकाय संग समन्वय गरि छुट मुल्यमा खरिद गर्नु पर्नेछ यदि उक्त छुट मुल्यको तरल नाइट्रोजन पर्याप्त र प्राविधिक कारणवस उपलब्ध हुन नसकेमा निजी कारखानाबाट भए पनि खरीद गरी कृ ग सेवा संचाललाई निरन्तरता दिइ सेवा सुचारु राखु पर्ने छ ।

**ग, प्राविधिक तथा दक्ष जनशक्ति व्यवस्थाः**

कृग सेवा संचालन गर्न आवश्यक जन शक्तिको लागि नगरपालिका पशुपंक्षि विकास शाखामा कार्यरत भेटरीनरीयन प्राविधिकहरु र नगरपालिका भित्रका निजि रुपमा सेवा संचालनमा रहेका कृ ग तालिम प्राप्त भेटेरीनरि प्राविधिकहरुलाई समेत परिचालन गरी नगरका सम्पूर्ण वडा सम्म सेवा विस्तार गरिने छ । साथै थप जनशक्ति उत्पादन गरी

सेवा विस्तार गर्न नगरपालिकाले पशु सेवा तालिम केन्द्रहरु संग समन्वय गरी निजि पाराभेटहरुलाई कृग तालिम तथा पूनर्ताजगी तालिममा सहभागी गराउने छ जसका लागि प्रति प्राविधिक रु१०००० । अक्षरेपी दश हजार रुपैया सम्म नगरपालिकाले तालिम खर्च वापत उपलब्ध गराउने छ । यसरी नगरपालिकाको सहयोगमा तालिम प्राप्त पाराभेट प्राविधिकहरुले आफ्नै वडाटोलमा वसी पालिकाको पशुपंक्षी विकास शाखा र वडा कार्यकालय संग समन्वय गरि कम्तिमा ३ वर्ष सेवा संचालन गर्नुपर्नेछ ।

**घ, कृतिम गर्भाधान सेवाका समाग्रीहरुको उपलब्धता तथा प्राविधिक पारिश्रमिक र राजस्व संकलन सम्वन्धि व्यवस्थाः**

कृतिम गर्भाधान सेवा संचाल गर्ने प्राविधिकहरुलाई आवश्यक उपकरणर तथा तरल नाइट्रोजन लगायतका सामाग्री नगरपालिका पशुपंक्षि विकास शाखाले हस्तान्तरण फारम भरी उपलब्ध गराउने छ र खर्च भएर नजाने सामानको हकमा सेवा संचालन नगरेका वखत दुरुस्त अवस्थामा नगरपालिकामा फिर्ता हस्तान्तरण गर्नु पर्ने छ ।प्राविधिकहरुले माशिक रुपमा कृग सेवाको अलावा अन्य उपचार, खोप लगायतका भए गरेका प्रगति विवरण प्राप्त फर्मेटमा भरी नगरपालिका पशुपक्षी विकास शाखामा पठाउनु पर्ने छ सेवा संचालन गरे वापत पाउने पारिश्रमिक

सेवा ग्राही कृषकबाट नै उपलब्ध हुने व्यवस्था हुने छ र उक्त प्राप्त रकमबाट प्रति ठुलो पशु(गाई भैसी) रु ५०। पचास रुपैया र प्रति सानो पशु (वाखा र वंगुर) रु ३०। तिस रुपैया मात्र मासिक रुपमा नगरपालिकामा जम्मा गर्नुपर्नेछ ।यसरी सेवा ग्राही कृषक संग कृग सेवाको पारीश्रमिक लिंदा कृषक संगको आपशि समझदारिमा कृषक र प्राविधिक दुवैलाई मार नपर्ने गरी दिनु दिनु पर्ने छ । अन्यथा गुनासो वा उजुरी पर्न आएमा सम्वन्धित वडा समिति, नगरपालिका आर्थिक विकास समिति तथा प्रशान शाखा समेतले छलफल गरी पारिश्रमिक तोकने वा सेवाबाट वंन्चित गर्ने वा अनुचित भएगरेको पाइएमा कार्यवाही समेत गर्नु पर्ने छ

ङ, अनुगमन सम्वन्धि व्यवस्थाः

यस नगरपालिका पशुपंक्षी विकास शाखाबाट संचालन गरीने कृतिम गर्भाधान सेवाको अनुगमन वडा समिति, आर्थिक विकास समिति, प्रमुख प्रशासकिय अधिकृत ज्यु , नगर अनुगमन समिति, नगर प्रमुख ज्यु, लगायत पशु विकास क्षेत्रमा काम गर्ने सरोकारवाला समेतले गर्न सिकिने छ साथै प्राविधिक रुममा कार्यक्रमले पारेका सकारात्मक र नकारात्मक विषयमा सल्लाह र सुझाव सहित पृष्ठपोषणका रुममा

नगरपालिकाको पशुपंक्षी विकस शाखामा जानकारी गराइ कार्यक्रमलाई अझ प्रवावकारी र व्यवस्थीत वनाउन सकिने छ ।

च, पूरस्कार तथा दन्ड जरिमाना सम्वंन्धि व्यवस्थाः

कृतिम गर्भाधान कार्यक्रम संचालनका क्रममा संम्वन्धित पक्षहरु पशु पालक कृषक, पशु सेवा प्राविधिक, नरपालिकाका पशु सेवाका प्राविधिक लगायत सवै सरोकारवालाहरुले यसकार्यमा सहयोग गरी कार्यक्रम प्रभावकारि वनाउन सहयोग गर्नु पर्ने छ ।प्राविधिकहरुले कृ ग सेवा संन्चालनमा पुर्याएको योगदानको आधारमा पुरस्कार र गल्ति भए दन्ड जरिमानाको व्यवस्था गर्नु पर्ने छ । साथै कृषक हरुमा समेत उत्पादनमा आधारीत व्यवसायीक सफल्ताका आधारमा पुरस्कृत गर्ने व्यावस्था गरिने छ ।